नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

वैदेशिक रोजगार विभाग

# ई.पी.एस.कोरिया शाखा

ग्वार्को, ललितपुर ।

पत्र संख्याः २०८०/८१

चलानी नः

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. शाखा

यस शाखावाट मित २०८०।८।१९ गते सन् २०२३ को Manufacturing Sector को कोरियन भाषा परीक्षाको आवेदन फाराम भर्न मिति २०८०।०९।०२ देखि २०८०।०९।०६ सम्म समयावधि तोकि सूचना प्रकाशित गरिएको। उक्त सूचनामा सन् २०२३ भित्र संचालित अन्य क्षेत्रको कोरियन भाषा परीक्षामा सहभागि भएका परीक्षार्थीहरुले परीक्षा फाराम भर्न नपाउने व्यहोरा उल्लेख गरिएको।

उक्त सूचनामा असहमति जनाउदै सन् २०२३ मा Shipbuilding Sector मा सहभागि भएका परीक्षार्थीहरु मध्ये १८ जना परीक्षार्थीले उच्च अदालत पाटनमा निवेदन पेश गर्नु भएको।

सम्मानित उच्च अदालत पाटनवाट निवेदकहरुको हकमा आवेदन फाराम भर्न रोक नलगाउनु र निवेदकहरुलाई आवेदन फाराम भर्न दिनु भनि २०८०।०९।०५ मा अन्तरिम आदेश जारी भएको र पुर्ण पाठ आउन वाँकी रहेको।

यस शाखावाट सम्मानित उच्च अदालतको अन्तरिम आदेश अनुसार निवेदकहरु १८ जनालाई मात्र फाराम भर्न यस शाखामा सम्पर्क राख्नु भनी शाखावाट मिति २०८०।०९।११ मा सूचना प्रकाशन गरिएको।

यसै सन्दर्भमा सूचनामा तोकिए भन्दा वाहेकका Shipbuilding Sector को परीक्षामा सहभागी परीक्षार्थीहरु यस ई. पि. एस. कार्यालय परिसर वरिपरि उपस्थित भई धर्ना जुलुस जस्ता कार्यहरु गरिरहेको हुँदा यस कार्यालयको ध्यानाकर्षण भएको छ। सो विषयको सम्वन्धमा यस कार्यालय वरिपरि उपस्थित भई धर्ना जुलुस जस्ता कार्यहरु नगरदिनु हुन र आ-आफ्नो गन्तव्य तर्फ गई दिनुहुन यस ई.पि.एस. कार्यालय हार्दिक अनुरोध गरिन्छ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. शाखा